# रामधुनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

झुम्का, सुनसरी

प्रदेश नं.१, नेपाल

## सेनिटरी प्याड खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०२/१९

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार आ.व. २०७६/०७७ मा सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क वितरणको लागि सेनिटरी प्याड खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म, संस्था, सप्लायर्स वा कम्पनीबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक खुला दरभाउपत्र दाताहरुले शिलबन्दी दरभाउपत्र दस्तुर वापत तपशिलमा उल्लेख भए बमोजिमको धरौटी रकम बुझाई आ.व.२०७५/०७६ को लागि नवीकरण गरिएको इजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र र आ.व.२०७५/०७६ सम्मको कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी पेश गरी कार्यालय समयभित्र यस कार्यालयबाट सम्बन्धित फर्म, संस्था, सप्लायर्स वा कम्पनीको अधिकार प्राप्त प्रतिनिधिले यसै नगरपालिकाको कार्यालयबाट शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु खरिद गर्न सक्नेछन् ।

२. दरभाउ पत्र फारम दस्तुर रु. १००० (फिर्ता नहुने गरी) यस कार्यालयमा जम्मा गरी सक्कल नगदी रसिद आवश्यक कागजात साथ सम्लग्न गरी प्रथम पटक सूचना प्रकाशित भएका मितिले १५ औं दिन २०७७/०३/०१ गते कार्यालय समयभित्र फारम खरिद गरी सक्नुपर्नेछ र खरिद भएका शिलबन्दी दरभाउपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएका मितिले १६ औं दिन २०७७/०३/०२ गते ठिक १२:०० बजे भित्र खामबाहिर कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर, कामको विवरण र ठेक्काको क्षेत्र स्पष्ट उल्लेख गरी यस कार्यालयमा गोप्य शिलबन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ । दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु प्रथम पटक प्रकाशित मितिले १६ औं दिनको ठिक ०१:०० बजे शिलबन्दी दरभाउपत्रदाता वा निजको आधिकारीक प्रतिनिधीहरु र कार्यालयका अधिकार प्राप्त प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

४. शिलबन्दी दरभाउपत्र साथ जमानत वापत उल्लेख भए अनुसारको रकम यस कार्यालयको एन आइ सि एशिया बैंक झुम्का शाखामा रहेको धरौटी खाता नं. ०८९२०५००२७९०८०१५ मा जम्मा गरी सक्कलै बैंक भौचर अनिवार्य रुपले पेश गर्नुपर्नेछ वा मान्यता प्राप्त "क" वर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको नियमानुसारको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ ।

५. बिल अफ क्वान्टिटि, स्पेशिफिकेशन समावेश भएका शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु यस कार्यालयबाट उपलब्ध गराइने छ । यो सूचना तथा शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरुमा उल्लेख भएका शर्त बमोजिम प्राप्त नभएका शिलबन्दी दरभाउपत्र माथि कार्यालयले कुनै कारवाही गर्ने छैन ।

६. शिलबन्दी दरभाउपत्र शर्त सहित भएको, केरमेट नभएको र कार्यालयले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपखट वा द्रष्टव्य नलेखेको हुनुपर्ने छ । समयभित्र प्राप्त नभएका, रित नपुगेका, सूचना शर्तहरु विपरीत भएको बोलपत्र माथि कारवाहि हुने छैन ।

७. शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरुको प्रत्येक पानाहरुमा शिलबन्दी दरभाउ पत्र दाताहरुले दस्तखत गरी फर्मको छाप लगाउनु पर्नेछ ।, शिलबन्दी दरभाउपत्र प्रत्येक आइटम दररेट (भ्याट बाहेकको) अङ्क र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएकोमा स्पष्टसँग दस्तखत भएको हुनुपर्नेछ ।

८. एक फर्मको नाममा खरिद भएको शिलबन्दी दरभाउ पत्र अर्को फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

९. नक्कली कागजात पेश गरी वा मिलेमति गरी दरभाउपत्रमा भाग लिएको पाइएमा त्यस्ता शिलबन्दी दरभाउपत्रदाताको शिलबन्दी दरभाउपत्र रद्द गरी कालो सूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

१०. शिलबन्दी दरभाउपत्र खरिदकर्ताले सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको स्व.घोषणापत्र अनिवार्य रुपमा शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

११. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

१२. यस सम्बन्धी थप अन्य कुरा बुझ्ने आवश्यक परेमा यस कार्यालयमा कार्यालय समयभित्र शिक्षा शाखामा सम्पर्क गर्न सकिनेछ ।

१३. यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४, र अन्य प्रचलित नियम कानुन अनुसार हुनेछ ।

| ठेक्का नं. | कामको विवरण | धरौटी वापतको रकम | दरभाउपत्र खरिद दस्तुर फिर्ता नहुने |
|---|---|---|---|
| (शिक्षा) १/०७६/०७७ | सेनिटरी प्याड खरिद | रु. ४२,०००/- | रु. १०००। |